नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रयोगमा रहेका सवारी साधनबाट उत्सर्जन हुने प्रदूषणको सीमा सम्बन्धी मापदण्ड, २०८३

*स्वीकृत मिति 2083/03/.....*

**<u>प्रस्तावनाः</u>** प्रयोगमा रहेका सवारी साधनबाट हुने प्रदूषण न्यूनीकरण गर्न वाञ्छनीय भएकाले,

वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (१) बमोजिम नेपाल सरकारले यो मापदण्ड बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "प्रयोगमा रहेका सवारी साधनबाट उत्सर्जन हुने प्रदूषणको सीमा सम्बन्धी मापदण्ड, २०८३ रहेको छ। यसलाई अङ्ग्रेजीमा "In Used Vehicle Emission Standard, 2026" भनिनेछ।

(२) यो मापदण्ड नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एकानब्बेऔं दिनबाट देहाय बमोजिम लागु हुनेछः-

(क) डिजेल बाहेकका सवारीको हकमा नेपालभर,

(ख) डिजेलबाट चल्ने सवारी साधनको हकमा काठमाडौं उपत्यका, महानगरपालिका र उपमहानगरपालिकाभित्र।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "प्रयोगमा रहेका सवारी साधन" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई पेट्रोल, डिजेल र ग्याँस (एल.पी.जी./सी.एन.जी.) बाट सञ्चालन हुने सवारी साधन सम्झनुपर्छ।

(ख) "निष्काम गति (Idling)" भन्नाले सवारी साधनलाई इन्जिन चालु अवस्थामा राखी गरिने परीक्षण सम्झनुपर्छ।

(ग) "उच्च निष्काम गति (High Idling)" भन्नाले सवारी साधनको इन्जिन चालु अबस्थामा राखी इन्जिन घुम्ने गति (RPM) निष्काम गतिभन्दा दोब्बर बढी बनाइ गरिने परीक्षण सम्झनुपर्छ।

३. **<u>यो मापदण्ड लागु हुनेः</u>** (१) यो मापदण्ड ट्र्याक्टर, पावर टिलर तथा डोजर, क्रेन, रोलर, एक्स्याभेटर जस्ता निर्माण उपकरण तथा रक्षा मन्त्रालयको सिफारिसमा आयात हुने सैनिक प्रयोजनका विशेष सवारी बाहेक प्रयोगमा रहेका सवारी साधनहरूको हकमा लागु हुनेछ।

(२) सवारी साधनबाट उत्सर्जन हुने धुँवाको अधिकतम सीमा देहाय बमोजिम हुनेछः-

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| सवारी साधनको दर्ता अवधि र सवारीको प्रकार | पेट्रोल र ग्याँस (एल.पी.जी./सी.एन.जी)बाट सञ्चालन हुने सवारी साधन | | | | डिजेलबाट सञ्चालन हुने सवारी साधन | |
|---|---|---|---|---|---|---|
| | निष्काम गति (Idling) | | उच्च निष्काम गति (High idling) | | धुँवाको आपर्दर्शिता (Smoke Opacity) | |
| | कार्बन मोनो अक्साइडको मात्रा (CO %) | हाइड्रोकार्वन वा हेग्जेनको मात्रा HC or n-hexane equivalent Parts Per Million ∗,PPM | कार्बनमोनो अक्साइडको मात्रा CO % | हावा र इन्धनको अनुपात ल्याम्डा Lamda (λ) (Air fuel ratio) | प्रकाश अवशोषण गुणाङ्क (per meter, $m^{-1}$) | हार्टरिज धुवाँको इकाई (Hartridge smoke unit ( %) |
| **२०५६ भन्दा अगाडि दर्ता भएका सवारी साधन** [१] | | | | | | |
| दुई पाङ्ग्रे सवारी साधन | ४.५ | ७८०० | | | ३.२३ | ७५ |
| तीन पाङ्ग्रे सवारी साधन | ४.५ | ७८०० | | | ३.२३ | ७५ |
| चार पाङ्ग्रे वा सोभन्दा माथिका सवारी साधन | ३.५ | १००० | - | - | ३.२३ | ७५ |
| **२०५६ देखि २०६९ सम्म दर्ता भएका सवारी साधन** [२] | | | | | | |
| दुई पाङ्ग्रे सवारी साधन | ३.५ | ४५०० | | | २.४५ | ६५ |
| तीन पाङ्ग्रे सवारी साधन | ३.५ | ४५०० | - | - | २.४५ | ६५ |
| चार पाङ्ग्रे वा सोभन्दा माथिका सवारी साधन | ३.० | १००० | | | २.४५ | ६५ |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **२०६९ देखि २०८२ सम्म दर्ता भएका सवारी** [३] | | | - | - | | |
| दुई पाङ्ग्रे सवारी साधन | ३.० | ३००० | | | २.४५ | ६५ |
| तीन पाङ्ग्रे सवारी साधन | ३.५ | ४५०० | | | २.४५ | ६५ |
| चार पाङ्ग्रे वा सो भन्दा माथिका सवारी साधन | ०.५ | ७५० | | | २.४५ | ६५ |
| **२०८२ भन्दा पछाडी दर्ता भएका सवारी साधन** [४] | | | | | | |
| दुई पाङ्ग्रे सवारी साधन | ०.५ | ५०० | ०.३ (पेट्रोल बाट संचालितका लागि मात्र) | १ ± ०.०३ वा उत्पादकले निर्धारण गरे बमोजिम (पेट्रोलबाट सञ्चालितका लागि मात्र) | १.६२ | ५० |
| तीन पाङ्ग्रे सवारी साधन | ०.५ | ५०० | ०.३ (पेट्रोलबाट सञ्चालितका लागि मात्र) | | १.६२ | ५० |
| चार पाङ्ग्रे वा सोभन्दा माथिका सवारी साधन | ०.३ | २०० | ०.२ (पेट्रोलबाट सञ्चालितका लागि मात्र) | | १.६२ | ५० |

**नोट:**

१. "२०५६ साल भन्दा अगाडि दर्ता भएका सवारी साधन" भन्नाले नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ लागु भएको (मिति २०५६ पुस ८) भन्दा अगाडि दर्ता भई सञ्चालन रहेका सवारी साधन सम्झनुपर्छ।

२. २०५६ देखि २०६९ सम्म दर्ता भएका सवारी साधन भन्नाले नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ लागु भएपछि र नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ (मिति २०६९ असोज २९) लागु हुनुभन्दा अगाडि दर्ता भई सञ्चालन रहेका सवारी साधन सम्झनुपर्छ।

३. "२०६९ देखि २०८२ सम्म दर्ता भएका सवारी साधन" भन्नाले नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ लागु भएपछि र नेपाल सवारी साधन प्रदूषण मापदण्ड, २०८२ (मिति २०८२/०३/०९) लागु हुनुभन्दा अगाडि दर्ता भई सञ्चालन रहेका सवारी साधन सम्झनुपर्छ र नेपाल सरकाले स्वीकृत प्रदान गरी २०८२/०८/१५ भित्र नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ बमोजिम आयात भएका सवारी साधन समेतलाई जनाउँछ।

४. "२०८२ भन्दा पछाडि दर्ता भएका सवारी साधन" भन्नाले नेपाल सवारी साधन प्रदूषण मापदण्ड, २०८२ (मिति २०८२/०३/०९) लागु भएपश्चात दर्ता भई सञ्चालन रहेका सवारी साधन सम्झनुपर्छ।

* Non-Methane Hydrocarbon (NMHC) and Reactive Hydrocarbon (RHC) levels are compared against the limits tabulated above instead of HC for CNG and LPG fueled vehicles respectively.

NMHC = 0.3 X HC

RHC=0.5 X HC

४. **<u>प्रदूषण प्रमाणपत्र:</u>** प्रयोगमा रहेका सवारी साधन प्रचलित कानुन बमोजिम परीक्षण गराई प्रदूषण प्रमाणपत्र लिनुपर्छ।

५. **<u>बचाउः</u>** खण्ड ४७, अतिरिक्ताङ्क ४९, मिति २०५४ पुस २८ गतेको नेपाल राजपत्रको भाग ४ मा प्रकाशित सूचना र खण्ड ५०, अतिरिक्ताङ्क ३८ (छ) मिति २०५७ कार्तिक ७ गतेको नेपाल राजपत्रको भाग ३ मा प्रकाशित सूचना बमोजिम भए गरेका कार्य यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

§ § §